त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१६
फ्याक्स: ५२६०१२९


## परीक्षा नियन्त्रण महाशाखा
## EXAMINATION CONTROL DIVISION

च.न.: १३४ -०८२/०८३ प्रकाशित मिति : २०८२।०४।२८

# Online परीक्षा फाराम भर्ने सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा मिति २०८२ भाद्र महिनामा संचालन गरिने स्नातकोत्तर तह सबै कार्यक्रम प्रथम र दोश्रो वर्ष प्रथम खण्डको परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुले मिति २०८२।०४।२९ गते बिहान १०:०० बजेदेखि २०८२।०५।०८ गते ५:०० बजेसम्म Online एवं **PhD को लागि (Manual Form सम्बन्धित क्याम्पसबाट प्राप्त हुने)** परीक्षा फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ । साथै सम्वन्धित क्याम्पसहरुले यसैलाई सूचना मानी Online Application मा *(नयाँ पाठ्यक्रम)* को लागि **New Master Login** र *(पुरानो पाठ्यक्रम)* को लागि **Master Login** बाट आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ ।

१. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसबाट उपलब्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलब्ध हुने Token No. सहित भरी अनिवार्य रुपमा बुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ ।

२. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको बैंक भौचर तथा Payment Confirmation Slip बुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्वन्धित क्याम्पसहरुले २४ घण्टा भित्र Approve गर्नुपर्नेछ । Approve नगरे सम्म Submit गरेको परीक्षा फारम Accept हुने छैन।

३. तोकिएको समय २०८२।०५।०८ गते ५:०० बजेभित्र Online Exam Form भरी बैंक भौचर तथा Payment Confirmation Slip नबुझाउने परीक्षार्थीहरुले मिति २०८२।०५।०९ गते देखि २०८२।०५।११ गते ४:०० बजेसम्म तोकिएको परीक्षा शुल्कको साथसाथै विशेष विलम्ब शुल्क रु.२,५००।०० (रुपैयाँ दुई हजार पाच सय मात्र) तिरी परीक्षा फाराम भर्न सक्नेछन् । उपरोक्त मिति पछि Online Form स्वतः बन्द हुनेछ ।

४. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को **विशेष व्यवस्था** भए अनुसार मिति **२०८२।०५।१३ गते दिउँसो २:०० बजे** सम्म यस परीक्षा नियन्त्रण महाशाखामा स्वंय उपस्थित भई सम्पर्क गर्नु पर्नेछ ।

५. उपलव्ध Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ । अन्यथा परीक्षा फाराम Register हुने छैन ।

६. परीक्षा फाराममा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाया (Background plain) भएको, पासपोर्ट साइजको फोटो मात्र प्रयोग गर्न जानकारी गराइन्छ ।

सहायक डीन

**बोधार्थ तथा कार्यार्थ:**
श्री डीनको कार्यालय,इ.अ.सं. पुल्चोक, ललितपुर ।
श्री पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर ।
श्री थापाथली क्याम्पस, थापाथली, काठमाण्डौं ।
श्री पूर्वाञ्चल क्याम्पस, गंगालालमार्ग, धरान ।
श्री पश्चिमांञ्चल क्याम्पस, लामाचौर, पोखरा ।